## के स्त्री परूषको गौरव हुन्? १ कोरिन्थी ११:७

**हो, र स्त्रीहरू परमेश्वरको पनि प्रतिरूप र गौरव हुन्।** नारी भनेको पुरूषको मात्र गौरव हो भन्ने गलत सोचमा नपर्नुहोस्। विशेषगरी, यहाँ सानो संयोजक 'तर' 'de' छ ! १ कोरिन्थी ११:७ मा पावलले भनेः "किनकि पुरूषले आफ्नो शिर ढाक्नुहुँदैन, किनभने ऊ परमेश्वरको प्रतिरूप र गौरव हो, *तर* स्त्री चाहिँ पुरूषको गौरव हो।"

**पावललाई यो धर्मशास्त्र थाहा थियो, जसले पुरूष र स्त्री दुवै परमेश्वरको स्वरूपमा बनाइएका हुन् भनेर सिकाउँदछ।**

> मुख्य शब्द
>
> **δϵ = De**
>
> **पनि,** अनि, तर, **यसबाहेक**, अब

उत्पत्ति १:२७ ले मात्र स्पष्ट रूपमा दुवै परमेश्वरको स्वरूपमा बनाइएका हुन् भनेर बताउँदैन, पावलले पनि भाइबहिनीहरूको लक्ष्य परमेश्वरको रूपअनुसार बढ्दै जानु हो भनी बताएका छन् (कलस्सी ३:९-१०)। त्यो विशेष स्वरूप नै मौलिक हो र दुवैको लक्ष्य हो!

संयोजक 'तर' 'de' केवल एक भिन्नता होइन।

के पावलले यस खण्डमा महिलाहरूको भिन्नता र कमी देखाउन चाहन्थे? के उनले पुरूष परमेश्वरको प्रतिरूप र गौरवा हो, तर महिला पुरूषको मात्र गौरव हो भनेर सिकाउन चाहन्थे? एकदमै होइन! सानो संयोजक 'तर' 'de' लाई भिन्नताको रूपमा प्रयोग र अनुवाद गर्न सकिन्छ। तर, 'तर' 'de' लाई स्थिर अर्थमा पनि प्रयोग र 'अनि, साथै, यसबाहेक'को रूपमा अनुवाद गर्न सकिन्छ। www.BlueLetterBible.org मा आफैं हेर्नुहोस्। यस अर्थमा, पावलले व्यक्त गरे कि पुरूष मात्र परमेश्वरको प्रतिरूप र गौरव होइन, **महिला पनि हो, साथै उनी पुरूषको गौरव पनि हुन्**। पावलको समयमा, यो बिचारले कोरिन्थी संस्कृतिलाई चुनौती दिए किनभने तिनीहरूले पत्नीहरूलाई गौरवको रूपमा मनाउँदैनन्। पावलले महिलाहरूलाई दोब्बर आशीर्वाद दिइरहेका थिए!

**दुईवटा पदहरू पढ्दा, हामीले हुनसक्छ अर्को भ्रमित अवस्थाको सामना गर्छौं।**

**१ कोरिन्थी ११:८-९ ले भन्छः**

"किनकि पुरूषले स्त्रीबाट बनिएको होइन, तर स्त्रीचाहिँ पुरूषबाट बनिएको हो।

स्त्रीको निम्ति पुरूष सृष्टि भएको होइन, तर स्त्री पुरूषको निम्ति हो।"

**पावलले यहाँ उत्पत्ति र परमेश्वरले नारीलाई सृष्टि गर्नुको कारण बारे बताएका छन्।**

> मुख्य शब्द
>
> **διά = Dia**
>
> कारण वा को लागि

११:८ पदले ऐतिहासिक तथ्यलाई मात्र बताउँछ कि पहिलो महिला पहिलो पुरूषबाट आएको हो। ११:९ पदमा पावलले महिलाहरूलाई पुरूषको आनन्दको लागि, स्वमित्वको लागि वा पुरुषको प्रयोगको लागि सृष्टि गरिएको हो भनेर देखाइरहको थिएन। अह, थिएन! एक पटक फेरि, विशेषगरी, यो सानो ग्रीक शब्द डिया "*dia*" जसको विभिन्न अर्थहरू हुन्छन्। अनलाइन लिङ्क www.BlueLetterBible.org हेर्नुहोस्। डिया "*dia*" शब्दको अर्थ जसले सबैभन्दा धेरै अर्थ दिन्छ जस्तै "कारण वा को लागि।" यो किन हो? पहिलो पुरूषको एक्लोपनको 'कारण' स्त्री सृष्टि गरिएको हो। उनको एक्लोपनलाई हटाउन 'को लागि', स्त्रीलाई सृष्टि गरिएको हो। डिया "*dia*" ले 'द्वारा' को अर्थ पनि दिन सक्छ र एक पटक फेरि, पहिलो स्त्री पहिलो पुरूष *द्वारा* बनाइएको थियो, र यसको विपरीत होइन।

## निपात शब्द डिया "*dia*" ले स्त्रीले एक्लो पुरूषको उद्धार गरेको जस्तो देखाउँछ !

## निष्कर्ष

१ कोरिन्थी ११:७-९मा सरल जवाफहरू छन् जहाँ कोही-कोहीले पुरूष श्रेष्ठता देखाउन खोजेका छन्। पुरूष र स्त्री दुवै परमेश्वरको स्वरूपमा बनाइएका हुन्, यो तपाईंलाई पनि थाहा छ र पावललाई पनि थाहा थियो। 'डे' 'मभ' को अर्थ 'पनि' हुन सक्छ र डिया "*dia*" को अर्थ 'कारण' हुन सक्छ। यी निपात शब्दहरूलाई बुझे कुनै पनि भ्रम स्पष्ट हुन सक्छ।

### ४ महत्वपूर्ण प्रश्नहरू

- ⇒ यसले हामीलाई **परमेश्वरको** चरित्रको बारेमा के सिकाउँदछ?
- ⇒ यसले हामीलाई **मानिसको** बारेमा के सिकाउँदछ?
- ⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?
- ⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com